गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार


## छानविन/अध्ययन समितिले प्रतिबेदन बुझाएको छ।



सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले लमजुङ अस्पताल, लमजुङमा मिति २०८० मंसिर ११ गते उपचारका लागि भर्ना भएकी मर्स्याङ्दी गाउँपालिका-९, लमजुङ स्थायी ठेगाना भएकी वर्ष २६ कि गर्भवती महिला शोभा वि.क.को प्रेषण पश्चात उपचारको क्रममा चितवन मेडिकल कलेज, भरतपुर, चितवनमा दुःखद निधन भएको घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाई सुझाब सहितको प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयको मिति २०८०/०८/१३ को निर्णयानुसार गठन भएको छानविन/अध्ययन समितिले सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्रीलाई छानबिन प्रतिबेदन बुझाएको छ। छानविन/अध्ययन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक श्री खिम बहादुर खड्काले सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशिला सिंखडालाई बुझाउनु भएको हो। कार्यक्रममा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका बालरोग बिशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला, लमजुंग अस्पताल र मातृशिशु मितेरी अस्पतालका मेशुहरु, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुखहरु लगायत कर्मचारीहरु, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका सूचना अधिकारी, पिडित पक्षबाट अभिभाबकको समेत उपस्थिति रहेको थियो।



समितिको कार्यशर्तमा उल्लिखित घटना के कति कारणले भएको हो, चिकित्सकीय क्षमता भन्दा बाहिरको क्षेत्र के-कति थियो, त्यहाँ भए गरेका समस्या र प्रयास तथा व्यवस्थापन पक्षहरूको तथ्यगत रुपमा औचित्य र आवश्यकताका आधारमा बैठक, छलफल, स्थलगत अवलोकन भ्रमण वा आवश्यक विधि मार्फत अध्ययन, अनुसन्धान गर्ने, दीर्घकालीन समस्या समाधानका लागि सत्यतथ्य पत्ता लगाई सुझाब सहितको प्रतिवेदन सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय समक्ष ७ (सात) दिन भित्र पेश गर्ने समयाबधि रहेको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार





धौलागिरी आयुर्वेद औषधालय, बागलुङको आयोजना तथा काठेखोला गाउँपालिका-५, वडा कार्यलयको सहकार्यमा काठेखोला गाउपालिका-५ करलिममा जेष्ठ नागरिक आरोग्य कार्यक्रम संचालन भएको छ। कार्यक्रममा डाक्टर शरद पन्थी, डाक्टर कमल बिक्रम पौडेल लगाएतको स्वस्थ्यकर्मिको टोलिले जेष्ठ नागरिकको रक्तचाप जाँच रगतमा चिनिको जाँच सामान्य स्वास्थ्य परिक्षण सहित रसायन औषधि बितरण सहित स्वास्थ्य परामर्श प्रदान गरिएको थियो। सो क्रममा ५६ जना जेष्ठ नागरिकले स्वास्थ्य लाभ लिएका थिए। जसमध्ये २४ जनामा उच्च रक्तचाप जन्य समस्या र ४ जनामा रगतमा चिनिको मात्रा अधिक देखिएको थियो।




## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"


## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata

## जाडोमा आगो 🔥 ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज ,कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




प्रहरी चौकी, भंगरा पर्वतको आयोजनामा प्र.ह. चोक बहादुर रानाको फलेवास न.पा. ९ उल्लेरीमा स्थानिय चालक, सहचालक र यात्रुहरुलाई सार्वजनिक स्थान तथा सवारी साधनमा हुन सक्ने यौनजन्य हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।



पौवैगौडे स्वास्थ्य चौकी स्याङ्जाले पारिबारिक स्वास्थ्य प्रोफाईलका लागि तथ्यांक संकलन गरिरहेको छ।



अतिरिक्त प्रहरी पोष्ट, माल्ढुङगा पर्वतको आयोजनामा प्र.ब.ह. दिपेन्द्र श्रेष्ठले कुश्मा नगरपालिका १ माल्ढुङगा चोकमा माल्ढुङगा टोल सुधार समितिका अध्यक्ष रोम बहादुर खवासको अध्यक्षतामा स्थानिय चालक, सहचालक र यात्रुहरुलाई सार्वजनिक स्थान तथा सवारी साधनमा हुन सक्ने यौनजन्य हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।



हुप्सेकोट गाउँपालिका, नवलपरासी पूर्व स्वास्थ्य शाखाको आयोजनामा महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मि हरुको अध्यन अवलोकन भ्रमण सम्पन्न गरेको छ।

gण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा Web database of RMNCAH Service sites and service providers सम्बन्धि अभिमुखीकरण कार्यक्रम समपन्न भएको छ। जिल्लाका सातै वटा स्थानीय तहका स्वास्थ्य शाखाका शाखा प्रमुख लगायत MNH फोकल पर्सन र पर्वत अस्पताल कुश्मा वाट पनि सहभागितामा रहेको थियो। कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख एक नारायण लम्सालको अध्यक्षतामा, पर्वत अस्पताल कुश्माका मे.सु डाक्टर हेमन्त बास्तोलाको प्रमुख आतिथ्यतामा र पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्माको संचालनमा समपन्न भएको थियो। कार्यक्रममा सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका वरिष्ठ तथ्यांक अधिकृत दिवाकर शर्माले गर्नु भएको थियो। स्थानीय तहहरुले आ-आफ्नो मातहतका संस्थाहरुको RMNCAH service site र service provider को अभिलेख पौष १५ गते सम्म प्रबिस्ट गर्ने प्रतिबद्दता गर्नु भएको छ।

## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य सम्बन्धि विभिन्न क्रियाकलापहरू संचालन भईरहेका छन्।



प्रहरी चौकी देउपुर डिमुवा, पर्वतको आयोजनामा प्र.ना.नि. तोरणध्वज पौडेल क्षेत्रीले मोदी गा.पा. ६ तिलाहारमा आमा समुहकी सदस्य कमला लामिछानेको अध्यक्षतामा आमा समुह र स्थानिय नागरिकहरुलाई भेला जम्मा गराई जातिय छुवाछुत सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार



सर्कुवा स्वास्थ्य चौकी सर्कुवा, बाग्लुंगका स्वास्थ्यकर्मीहरुले खाली समयको सदुपयोग गर्दै पुराना र खिया लागेका सामाग्रीहरुलाई रङ्गरोगन गरि ब्यबस्थापन गरेका छन।



प्रहरी चौकी, ठुलिपोखरी पर्वतको आयोजनामा प्र.स.नि. सोम बहादुर थापाले कुश्मा न.पा. १२ स्थित श्री जनता सुदर्शन मा.बि. मा वडा सदस्य खरी सुबेदीको अध्यक्षतामा बिद्यालय परिवार, आमा समुह र स्थानिय नागरिकहरुको उपस्थितिमा जबरजस्ति करणी सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

**जाडोमा निमोनियाः बेवास्ता गरे ज्यानमारा हुनसक्छ।**

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha



ऋषिङ्ग गाउँपालिका वडा नः २, तनहुँ स्थित रहेको ग्वास्लुङ गाउँमा रहेका जेष्ट नागरिक, अपाङ्ग नागरिक, अशक्त नागरिक र गर्भवती महिलाहरु सङ्गै अन्य नागरिकहरुको घरघरमा गइ उच्च रक्तचाप जाच सङ्गै स्वास्थ्य परामर्श दिईएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।**

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सामाजिक विकास कार्यालय पर्वत, जिल्ला प्रहरी कार्यालय, पर्वत र बिहादी गाउपालिकाको संयुक्त आयोजनामा बिहादी गाउपालिकाको सभाहलमा गाउपालिकाको उपाध्यक्ष मिना शर्मा तिवारीको अध्यक्षतामा प्रशासकीय अधिकृत अर्जुन रिजालको प्रमुख आथित्यतामा वडा प्रतिनिधीहरु, समाजका वौद्धिक व्यक्तिहरु, आमा समुह, स्वास्थ्यकर्मीहरु, टोल सुधार समिति, सामाजिक विकास कार्यालय पर्वतका कर्मचारीहरु, विभिन्न संघ-संस्थाका प्रतिनिधीहरु र स्थानिय भद्रभलादमीहरु गरी अं. ७५ जनाको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत समापन कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा केन्द्रबाट मनोविद सृजना आचार्य ज्यु, जि.प्र.का. पर्वतका प्र.ना.नि. पुर्णिमा थापा र सामुदायिक प्रहरी सेवा केन्द्र कुश्माका प्र.ब.ह. बिष्णु बहादुर सुनारले लैङगिक विभेद, सामाजिक कुरिति, आत्महत्या रोकथाम तथा न्यूनिकरण, घरेलु हिंसा, बालविवाह, मानसिक समस्याको लक्षण, न्यूनिकरण एवम् परामर्श र कानुनी व्यवस्था सम्बन्धी प्रस्तुतिकण तथा भिडियो प्रदर्शन गर्नुभएको थियो।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंग अन्तर्गत स्वास्थ्य आमा समूहको नियमित मासिक बैठक सम्पन्न भएको छ।



ईलाका प्रहरी कार्यालय, हुवास पर्वतको आयोजनामा पैंयु गा.पा. ४ हुवास स्थित श्री जनसेवा मा.वि. मा सामुदायिक प्रहरी सेवा केन्द्र हुवासका अध्यक्ष लाल बहादुर प्रधानको अध्यक्षतामा र सोहि बिद्यालयका पुर्व प्रध्यानध्यापक श्री तिलक प्रसाद श्रेष्ठको प्रमुख आथित्यतामा कक्षा ११ र १२ का बिद्यार्थी र शिक्षकलाई प्र.ना.नि. सागर डुम्रेले साईबर अपराध, लैङगिक हिंसा र जबरजस्ती करणी सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




मिति २०८०/०८/२५ गते बिहान ६ बजेर ४१ मिनेटमा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा २८०० ग्राम तौल भएको शिशु (छोरी ) को जन्म भएको छ।



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सामाजिक विकास कार्यालय पर्वत, जिल्ला प्रहरी कार्यालय पर्वत र ईलाका प्रहरी कार्यालय, हुवासको संयुक्त आयोजनामा पैंयु गा.पा. ४ को सभाहलमा पैंयु गा.पा को उपाध्यक्ष याम कुमारी रानाको अध्यक्षतामा अध्यक्ष तोरणध्वज मल्ल ठकुरीको प्रमुख आथित्यतामा पैंयु गा.पा.का का सबै वडाका वडा अध्यक्ष तथा प्रतिनिधिहरू, समाजका बौद्धिक व्यक्तिहरु, आमा समुह, स्वास्थ्यकर्मीहरु र टोल सुधार समिति ज्युहरुसंग लैङ्गिक हिंसा विरुद्ध सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो उक्त कार्यक्रममा मनोविद सृजना आचार्य, ई.प्र.का.हुवासका प्र.ना.नि. सागर डुम्रे र जि.प्र.का पर्वतका प्र.ना.नि पुर्णिमा थापाले लैङगिक विभेद, सामाजिक कुरिति, आत्महत्या रोकथाम तथा न्यूनिकरण, घरेलु हिंसा, बालविवाह, मानसिक समस्याको लक्षण र न्यूनिकरण एवम् परामर्श लगाएतका बिषयमा प्रशिक्षण प्रदान गरिएको छ।




रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा पोषण कार्यक्रमको आ.ब. २०७९/८० को पालिका स्तरीय समीक्षा तथा कार्ययोजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार





अतिरिक्त प्रहरी पोष्ट, कुश्मा पर्वतको आयोजनामा कुश्मा नगरपालिका-९ ज्ञादीमा वडा सदस्य प्रकाश श्रेष्ठको अध्यक्षतामा आमा समुह, युवा क्लब, स्थानिय बासीहरुको उपस्थितिमा लागुऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि नसर्ने रोग सम्बन्धि ४ दिने तालिम सम्पन्न भएको छ। तालिममा बागलुङ जिल्लाको ९ वटा स्थानिय तहका २६ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। उक्त तालिमको गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशिल पौडेल, स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरे, बागलुङ नगरपालिकाका जनस्वास्थ्य निरीक्षक लक्ष्मण ढकाल र गलकोट नगर अस्पतालका एमडिजिपी डाक्टर राजेश पौडेलले सहजिकरण गर्नुभएको थियो। कार्यक्रम गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख शुशिल पौडेलको अध्यक्षता, स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरेको स्वागत र बागलुङ नगरपालिकाका जनस्वास्थ्य निरीक्षक लक्ष्मण ढकालको सञ्चालनमा सम्पन्न भएको थियो।



भच्चेक आधारभूत अस्पताल, गोरखाको अन्तरंग बिभाग

## हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

https://hd.gandaki.gov.np/list/news/harataatayaka-hana-karanae-ra-jagana-taraka

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



काहुँशिवपुर स्वास्थ्य चौकी अन्तर्गतका महिला स्वास्थ्य स्वयंसेविकाको नियमित मासिक वैठक संचालन भएको छ ।



नेपाल नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल, चितवन, आँबुखैरेनी गाउँपालिका र नेपाल नेत्रहीन संघ पुर्नस्थापना कार्यक्रम गोरखाको सहयोग, समन्वय र आयोजनामा मोतिबिन्दु समबन्धि जाँच र निशुल्क शल्यक्रिया शिविर सञ्चालन भएको छ।



बेनी नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूको न्यूनतम सेवा मापदण्ड मापन कार्यक्रम संचालन भएको छ । गुणस्तर मापन अन्तर्गत पुलाचौर स्वास्थ्य चौकी र भकिम्ली स्वास्थ्य चौकीको सेवा मापदण्ड मापन गरिएको छ । सुशासन र व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन र सहयोगी सेवा व्यवस्थापन विधामा गरिने परीक्षणमा पुलाचौर स्वास्थ्य चौकीले ७६% अङ्क हासिल गरेको छ भने भकिम्ली स्वास्थ्य चौकीले ६८% अङ्क प्राप्त गरेको छ।



स्वास्थ्य कार्यालय लमजुङको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा कार्यक्रम कार्यान्वयनका लागी गर्भवती दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम दोर्दी र दुधपोखरी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका प्रमुख, स्वास्थ्य संस्थाका सुरक्षित मातृत्व फोकल पर्सन, स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य शाखाका कर्मचारीहरुको उपस्थितीमा सम्पन्न भएको छ। स्वास्थ्य कार्यालयका प्रमुख प्रविण कुमार खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्स सुस्मा आचार्यले कार्यक्रमको उद्देश्य बारे जानकारी दिनुभएको थियो।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना र निसिखोला गाउपलिकाको समन्वयमा निसिखोला-३, बोहोरागाउ स्वास्थ्य चौकीमा प्रसुति कर्मिहरुलाइ मातृ तथा नव शिशु स्वास्थ्य (MNH) onsite coaching तथा गुणस्तर सुधार कार्यक्रम समपन्न भएको छ। स्वास्थ्य चौकिमा कार्यरत प्रसुतिकर्मिहरुलाई मातृ तथा नबजात शिशु स्वास्थ्यसंग सम्बन्धित बिषयमा knowledge assessment, decision making skill(partograph) assessment, normal delivery conduction, PPH, shock and eclampsia management infections prevention, newborn resuscitation आदि बिषयमा स्थलगत कोचिङ/ मेन्टरिङ गरिएको हो। सस्थाको Enabling Environment Assessment गरि प्राप्त स्कोरको आधारमा सस्थाको समस्या सम्बोधन हुने गरि कार्ययोजना बनाइ छलफल गरियो र कम्तिमा ६/६ महिनामा सस्थाको स्वमुल्याङ्कन गर्ने निर्णय गरियो। MNH MENTOR /अ.न.नि पार्वती अर्याल र प. हे. न. नि. सीमा कुवरले सहजिकरण गरेको कार्यक्रममा बोहोरागाउ स्वास्थ्य चौकि ब्यबस्थापन समितिका अध्यक्ष तथा निसिखोला-३, का वडाध्यक्ष रमेश बिक्रम शाही, निसिखोला गाउपालिकाका स्वास्थ्य शाखाका संयोजक, सह-संयोजक, स्वास्थ्य संस्था प्रमुख लगायतका स्वास्थ्यकर्मीहरु र अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो। संस्थाको समग्र मातृ तथा नवाशिशु सेवाको प्रबाह र तयारीको अवस्था राम्रो देखियो। थप सुधार गर्नुपर्ने बिषयबस्तुहरुलाई छलफलद्वारा पृष्ठपोषण गरियो|वार्डको मातृ तथा नवाशिशु र समग्र स्वास्थ्य अवस्था सुधार गर्न स्वास्थ्य ब्यबस्थापन समिति सक्रिय रहेको र थप क्रियाकलाप आवश्यक रहेमा सम्पन्न गर्ने प्रतिबद्धता अध्यक्ष शाहीले गर्नुभयो। त्यसैगरी संस्था प्रमुख कसिन्द्र शाहीले कार्ययोजना समयमा सम्पन्न गर्न आवस्यक प्रयास र समन्वय गर्ने प्रतिबद्दता जनाउनु भएको थियो।साथै निसिखोला गाउँपालिका अन्तर्गतका देबिश्थान स्वास्थ्य चौकी र निसी स्वास्थ्य चौकीमा स्थलगत अनुगमन गरि मातृ तथा नव शिशु स्वास्थ्य सेवाको तत्परता अवलोकन गरि आवश्यक सहजीकरण गरियो।



जलजला गाउँपालिका, पर्बतको आयोजनामा पोषण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




बागलुङ जिल्ला अन्तरगत ७६ वटा विद्यालयका १ र २ कक्षाका ६ देखि ८ बर्षका १६४२ बालबालिकाहरुमा हात्तीपाइले रोगका परजिवी भए नभएको परिक्षण कार्य सम्पन्न भएको छ। उक्त परिक्षणमा १६४१ जनामा यस रोगको परजिवी नभएको र १ जनामा भएको (पोजिटिभ) रिजल्ट संगै TAS 1 सर्वे पास हुन सफल भएको छ। साथै परजिवी देखिएको १ जनाको उपचार प्रक्रिया पनि सुरु गरि सकिएको छ।



मिति २०८०/०८/२१ गते शुक्रबारका दिन लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका ८ मा क्रिशमस पर्व मध्येको एक कार्यक्रमका अवसरमा ४० जना सम्मीलित रात्रीभोजमा खाना खाए पश्चात ३८ जनालाई झाडापखाला, ज्वरो, टाउको दुख्ने जस्ता लक्षण देखिन गई HDCS नमुना सामुदायिक अस्पतालमा उपचार भएको थियो। उक्त बिरामीहरू मध्ये १ जना ३२ वर्षकी महिलाको मंसिर २३ गते आईतवारका दिन अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको थियो। अन्य बिरामीहरू उपचार पश्चात घर फर्कनु भएको र केही उपचाररत हुनुहुन्छ। उक्त भोजमा खाद्य विषाक्तताको प्रकोप अध्ययन तथा अनुसन्धानको लागि स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डाक्टर शशी कँडेल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट भुपदेव भट्ट, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य अधिकृत तारा प्रसाद अर्याल र विश्व स्वास्थ्य संगठन (WHO) का डाक्टर सुजन अधिकारी सहितको टोली मंसिर २६ गते देखि त्यस स्थानमा खटिई स्थलगत अध्ययन गरिरहेको छ। उक्त अध्ययनको प्रारम्भिक नतिजा अनुसार भोजमा सेवन गरिएका परिकारहरु मध्ये कुखुराको मासुमा विषाक्तता रहेको अनुमान गरिएको छ।



लुम्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र, कास्कीको आयोजनामा विद्यालय स्वास्थ्य परिक्षण श्री सिद्द आधारभूत बिद्यालयमा र मिती श्री ज्ञानोदय आधारभूत बिद्यालयमा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha



# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


## रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya



गुर्जा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा श्री जनकल्याण .मा.बि मा जुकाको औषधी वितरण गरिएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा न्यूनतम सेवा मापदण्ड कार्यक्रम (MSS) को बार्षिक समीक्षा सम्पन्न भएको छ। गण्डकी प्रदेश, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय सुशिला सिंखडाको बिशिष्ट उपस्थितिमा संचालित उक्त कार्यक्रममा नीति तथा योजना आयोगका माननीय सदस्य, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयका सचिबहरु, आर्थिक मानिला मन्त्रालयका सचिब, गण्डकी प्रदेश मातहतका सबै अस्पताल, स्वास्थ्य कार्यालय र आयुर्बेदका प्रमुखहरु तथा MSS Focal Person हरु, स्थानीय अस्पतालका मेशुहरु, NSI प्रदेश संयोजक, प्रादेशिक कार्यालयका महानिर्देशकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। सिक्लेस, कास्कीमा संचालन भएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियोभने कार्यक्रम संचालन उर्मिला बरालले गर्नुभएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मातृशिशुसंग सम्बन्धित छलफल कार्यक्रम संचालन भएको छ। JICA का प्रतिनिधि र प्रादेशिक स्वास्थ्य कार्यालयका महानिर्देशक, निर्देशकहरु, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका नर्शिङ्ग प्रमुख तथा चिकित्सक, जिल्ला अस्पताल, मनाङ्ग, स्याङ्गजा, लमजुंग, कास्कीका मेशुहरु, स्वास्थ्य कार्यालय, मनाङ्ग, कास्की, पर्बत र गोरखाका प्रमुखहरु, बेनी अस्पताल, म्याग्दीका चिकित्सक, पोखरा विश्वबिद्यालयका प्रोफेसर, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका महाशाखा प्रमुखरु, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो। कार्यक्रम स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खडकाको प्रमुख उपस्थितिमा संचालन भएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार





## महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो

https://www.youtube.com/watch?v=SfrrijMdiBg

**" सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"**



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा गर्भवती दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम संचालन भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**








अन्नपुर्ण गाउँपालिका, स्वास्थ्य शाखा, म्याग्दीको आयोजनामा गर्भवतीहरुलाई निशुल्क भिडीयो एक्सरे कार्यक्रम धार-खिवांग-शिखमा संचालन भएको छ।

## जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha




गण्डकी प्रदेशभित्र रहेका सरकारी अस्पतालको विवरण। (नक्सा: प्रवीण भण्डारी, तथ्याङ्क अधिकृत, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश)





**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्कीमा मेडिकल अधिकृतहरुको लागि १७ दिने मेडिको लिगल तालिम संचालन भएको छ।



गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, नेपाल सरकार, पशु सेवा विभाग, Food and Agriculture Organization (FAO), World Health Organization (WHO) तथा प्रदेश स्थित पशु स्वास्थ्य क्षेत्रसँग सम्बन्धित निर्देशनालय, प्रयोगशालाका प्रतिनिधिहरूको उपस्थितिमा एक स्वास्थ्य (One Health) रणनीति अनुसार मानव स्वास्थ्य र पशु स्वास्थ्यको तर्फबाट संयुक्त कार्यक्रम के कसरी सम्पादन भैरहेका छन्, कार्यक्रम कार्यान्वयनको अवस्था के छ, दुवै क्षेत्रमा आपतकालीन स्वास्थ्य अवस्थाको पहिचान, अध्ययन र प्रतिकार्यको अवस्था तथा थप कार्यक्रमको सम्भावना लगायतका विषयवस्तुमा छलफल कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी, स्याङ्गजाका सम्पुर्ण महिला स्वास्थ्य स्वयंसेवीकाहरुको नियमित मासिक बैठक संचालन भएको छ। बैठकमा बिबिध बिषयमा स्वास्थ्य शिक्षा कार्यक्रम समेत संचालन भएको थियो।



जलजला स्वास्थ्य चौकी, बाग्लुंग अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको नियमित मासिक बैठक संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



भानु नगरपालिका, स्वास्थ्य शाखा, तनहुँको आयोजनामा प्रजनन रुग्णता सम्बन्धी कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा जिल्ला स्तरिय द्रुत प्रतिकार्य टोलीको बैठक सम्पन्न भएको छ। स्वास्थ्य कार्यालयका प्रमुख प्रविण कुमार खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महामारी तथा रोग नियन्त्रण महाशाखा, काठमाडौंका डाक्टर शशी कंडेल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका जनस्वास्थ्य अधिकृत तारा अर्याल र WHO का डाक्टर सुजन अधिकारीले सुन्दरबजार-८ मा केही दिन अघि भएको Food Poisoning Outbreak को स्थलगत अनुसन्धान पश्चात सो को प्रारम्भिक नतिजा र अध्ययन प्रकृयाका बारे जानकारी दिनुभएको थियो। भविस्यमा आउन सक्ने यस्ता महामारीमा जिल्ला, पालिका र वडामा रहेका द्रुत प्रतिकार्य टोलीको भूमिका, महामारी व्यवस्थापनका चुनौती र आगामी योजना सन्दर्भमा समेत छलफल भएको थियो। स्वास्थ्य कार्यालयका महामारी फोकल पर्सन दिपक बहादुर बोम्जनले कार्यक्रम सन्चालन गर्नुभएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



बाग्लुङ नगरपालिका वडा नम्बर १४ नारायणस्थानमा स्वास्थ्य चौकीबाट विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गतका पाँचवटा कम्पोनेन्टहरूलाई सम्बोधन गर्ने उद्देश्यका साथ यो आर्थिक वर्षभित्र सक्ने गरि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको सुरुवात गरिएको छ।






# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




पोखरा महानगरपालिका, कास्कीको आयोजना र विश्व स्वास्थ्य संगठन, WHO सुरक्षित मातृत्व सन्जाल महासंघ नेपालको सहयोगमा नसर्ने रोगको रोकथाम र नियन्त्रणको लागि पोखरा महानगरपालिकाका प्रमुख धन राज आचार्यको अध्यक्षतामा ७ सदस्य समिति गठन भएको छ।



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा स्वास्थ्य तालिम केन्द्र, पोखरामा आँखा नाक कान घाटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचारबारे प्रशिक्षक प्रशिक्षण तालिम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा WHO Nepal र GIZ Nepal को सहयोगमा "Report Presentation/Submission of HCWM and WASH" कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य सेवा बिभाग, काठमाडौंका महानिर्देशक, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्मा, स्वास्थ्य सेवा विभागका निर्देशकहरु, महाशाखा प्रमुखहरु, गण्डकी प्रदेशका प्रादेशिक स्वास्थ्य संबन्धित कार्यालयका महानिर्देशक, निर्देशक, गण्डकी प्रदेश मातहतका जिल्ला अस्पतालका प्रमुख तथा प्रतिनिधिहरु, मन्त्रालय, निर्देशनालयका महाशाखा, शाखा प्रमुखहरु, को उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियो भने कार्यक्रम संचालन उर्मिला बरालले गर्नुभएको थियो। सो कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशद्वारा संचालित न्युनतम सेवा मापदण्डको बार्षिक समिक्षाले तयार पारेको MSS Process Indicator स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशकले हस्तान्तरण गर्नुभएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा फरक अभ्यास सहित बागलुङ नगरपालिका-१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड (MSS)को दोस्रो फलोअप सम्पन्न भएको छ। पुर्व जानकारी र सूचना प्रदान गरि MSS Visit गर्दा Scoring मा फरक पर्न सक्ने धेरै संस्थाको गुनासो पस्चात सोही कुरालाई मध्यनजर गरि कुनै सुचना र जानकारी विना सहजकर्ताहरु स्वास्थ्य चौकी पुगेर आज गरिएको MSS मुल्यांकनमा नारायणस्थान स्वास्थ्य चौकीले ८०% स्कोर प्राप्त गर्न सफल भएको छ। मुल्यांकन कार्यक्रममा स्वास्थ्यकर्मी तथा बाग्लुंग नगरपालिका-१४ का वडा अध्यक्षको समेत उपस्थिति रहेको थियो भने स्वास्थ्य संस्थालाई आवश्यक सामग्री तथा अन्य कुरा छिटोभन्दा छिटो उपलब्ध गराउन आफुले भुमिका खेल्ने कुरामा वडा अध्यक्षद्वारा प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

Please Visit: - https://hd.gandaki.gov.np/

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनमा खोप कोल्ड चेन ढुवानीकर्तालाई खोप ढुवानी र कोल्ड चेन ब्यबस्थापन सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। खोप ढुवानी गर्न सहज बनाउने उदेश्यले खोप ढुवानीकर्तालाई Vaccine Carrier राख्ने Back Pack पनी उपलब्ध गराईएको छ।



अन्नपूर्ण गाउँपालीका, कास्की अन्तर्गत रहेको सल्यान स्वास्थ्य चौकीमा VIA शिविरका संचालन भएको छ। जसमा जम्मा ८९ जनाले सेवा लिनुभएको मध्ये आङ खसेका ९ जना सेवाग्राहीमा Ring राख्ने काम भयो। २ जनाले Implant राख्नु भयो, जस मध्य पाठेघरको जाँच गर्दा PID case धेरैमा भेटियो र १ जनामा via पोजेटिभ शंका गरि प्रेशण गरिएको छ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




आधारभुत स्वास्थ्य सेवा केन्द्र, खाल, बाग्लुंग अन्तर्गत उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रममा सुत्केरी एंव नवशिशुको स्वास्थ्य परिक्षण नियमित संचालन भएको छ।



सामाजिक विकास कार्यालय, कास्कीको आयोजनामा सामुदायिक विद्यालयका शिक्षकहरुका लागि संचालन भएको "आत्महत्या रोकथाम तथा न्युनिकरण" सम्बन्धि दुई दिने तालिम संचालन भएको छ।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**



दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुंग अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको नियमित मासिक बैठक सम्पन्न भएको छ।



ग्वालीचौर स्वास्थ्य चौकी, बाग्लुंग अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको नियमित मासिक बैठक संचालन भएको छ। सो अवसरमा गाउँपालिकाबाट वितरण गरिएको first-aid box मा रहेको सामाग्री कसरी कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने विषयमा छलफल गरि सम्पन्न भएको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




"स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस" को अवसरमा 'सबैको स्वास्थ्यका लागि आजैदेखि जुटौं÷ भन्ने नाराका साथ विभिन्न बिषयमा छलफल गर्नुको साथै आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आयोजना गरेको बिदाई तथा स्वागत कार्यक्रममा आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंगका स्वास्थ्य कर्मचारीहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाकोहरुको उपस्तिथिमा दगातुम्डाडा साबिकको वडा नः -८ हाल (बडिगाड वडा न २) का अबकास प्राप्त पुर्ब म.सा.स्वा.स्वे. गोमा गिरि लाई स्वास्थ्य कार्यलय बाग्लुङ र बडिगाड गाउँ पालिका बाट बिदाई भएता पनि पुर्ब म.सा.स्वा.स्वे. गोमा गिरि लाई कदर-पत्र र करुवा प्रदान गरि बिदाई तथा त्यस वडाका विष्णु वन गिरिलाई नयाँ म.सा.स्वा.स्वे.को पदमा फुलमाला लगाइ स्वागत कार्यक्रम आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



HIV screening कार्यक्रम, बडिगाड-१०, बाग्लुंग



JICA Nepal का प्रतिनिधिहरू र गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा लगायत मन्त्रालयका महाशाखा प्रमुख, शाखा प्रमुख लगायतका कर्मचारी बीच मातृ तथा शिशु स्वास्थ्य हातेपुस्तिका (MCH Handbook) तयार गरी के कसरी प्रयोगमा ल्याउने, Health Digitalization का क्षेत्रमा के-कसरी सहकार्य गर्ने लगायतका विषयमा छलफल सम्पन्न भएको छ।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




धौलागिरी अस्पताल, बाग्लुंगको आयोजनामा कर्मचारी स्वागत तथा विदाई कार्यक्रम सम्पन्न भएको छ। विगत लामो समय देखि यस अस्पतालमा काम गरि मातृशिशु मितेरी अस्पताल पोखरामा सरुवा हुनु भएका मेडिकल अधिकृत डाक्टर शोभा पौडेल र डिभिनज वन कार्यालय वागलुङमा सरुवा हुन भएको प्रशासन प्रमुख तेज प्रसाद निउरेलाई अस्पतालको तर्फबाट विदाई तथा अस्पतालमा नया आउनु भएको कन्सल्टेन्ट, मेडिकल अधिकृत तथा अन्य कर्मचारी र स्वास्थ्यकर्मीहरुलाई स्वागत गरिएको छ। विदाईका क्रममा मेडिकल अधिकृत डाक्टर शोभा पौडेलले पुन यस अस्पतालमा सेवा गर्न आउने प्रतिवद्दता व्यक्त गर्नुभएको थियो भने अधिकृत तेज प्रसाद निउरेले अस्पताल २४ सै घण्टा सेवा दिने संस्था भएकोले २४ सै घण्टा खटेर काम गरेको र आफु अन्य जुन सुकै कार्यालयमा भए पनि आगामी दिनमा अस्पताललाई जुन सुकै सहयोग गर्ने प्रतिवद्दता समेत व्यक्त गर्नु भएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



दुदिलाभाटि स्वास्थ्य चौकी, बाग्लुंगको आयोजनामा १ दिने नि शुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन भएको छ।

## रेबिजबारे जानकारी



**रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।**

**कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।**

**सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।**

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार





जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा मर्स्याङ्दी गाउँपालिका ०७, ताराचोक लमजुङमा "स्वास्थ्य प्रवर्द्दनका लागि जीवनशैली परिवर्तन तथा योग" कार्यक्रम आयोजना गरी सम्पन्न भएको छ। जेष्ठ नागरिक, नागरिक समूहका अगुवा, महिला समूह, टोल सुधार समितिका संयोजक, जनप्रतिनिधी लगाएतका व्यक्तिहरुको सहभागिता रहेको थियो।



कार्यक्रममा स्वस्थ जीवनशैली तथा नसर्ने रोग सम्वन्धि प्रशिक्षण, योग प्रशिक्षण तथा आसन, ध्यान, प्राणायामको विषयमा सैद्दान्तिक तथा व्यबाहारिक प्रशिक्षण गरिएको थियो। साथै स्वास्थ्य परीक्षण, ब्लड सुगर परीक्षण तथा स्वास्थ्य वर्धक आयुर्वेद औषधिहरु समेत वितरण गरिएको थियो। कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो।




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माले नागरिक आरोग्य सेवा केन्द्र, सिक्लेशको अनुगमन गर्नुभएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७१, वर्ष ५, २०८० मङ्सिर ३०, December 17, 2023 आइतबार




सुन्दरबजारको रात्रीभोज पश्चात बिरामी परी मृत्यु समेत भएको घटनाको अध्ययनको प्रारम्भिक नतिजा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मालाई बुझाएको छ। लमजुङको सुन्दरबजारमा मंसिर २२ गते एक रात्रीभोज पश्चात धेरै जना बिरामी परी एक जनाको ज्यान समेत गएको तथा उक्त भोजमा प्रयोग भएको सम्भावित खाद्य विषाक्तताको अध्ययन तथा अनुसन्धानको लागि स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डाक्टर शशी कँडेल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट भुपदेव भट्ट, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य अधिकृत तारा प्रसाद अर्याल र विश्व स्वास्थ्य संगठन (WHO) का डाक्टर सुजन अधिकारी सहितको अध्ययन टोली मंसिर २६ गते देखि खटिई स्थलगत अध्ययन गरिरहेको थियो। उक्त अध्ययन टोलीले मंसिर २९ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा, महाशाखा प्रमुख, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) का अधिकारी लगायतसँग आफ्नो अध्ययनको नतिजा प्रस्तुत गर्दै मन्त्रालय समक्ष प्रतिवेदन पेश गरेको छ।

उक्त अध्ययन टोलीले गरेको अध्ययनको प्रारम्भिक नतिजाको सारांश देहाय अनुसार छ।

• मिति २०८०/०८/२२ गते शुक्रबारका दिन लमजुङ जिल्ला सुन्दरबजार न. पा. ८ मा क्रिशमस पर्व मध्येको क्यारोल कार्यक्रमका अवसरमा स्थानीय एक व्यक्तिको घरमा कुल ४१ जना जम्मा भई सामूहिक रात्रीभोज कार्यक्रममा सरिक भएका,

• उक्त भोजमा दाल, भात, कुखुराको मासु र मुलाको अचार गरी चार परिकार सेवन गरिएको,

• उक्त परिकारहरू सेवन गरे पश्चात भोलिपल्ट देखि ३९ जनालाई झाडापखाला, ज्वरो, टाउको दुख्ने जस्ता लक्षण देखिन गई HDCS नमुना सामुदायिक अस्पतालमा उपचारका लागि जानुभएको,

• उक्त बिरामीहरू मध्ये १ जना ३२ वर्षकी महिलाको मंसिर २४ गते आईतवारका दिन अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको,

• अन्य बिरामीहरू उपचार पश्चात घर फर्कनु भएको र केही अझै उपचाररत रहनुभएको,

• भोजमा सेवन गरिएका परिकारहरु मध्ये कुखुराको मासुमा विषाक्तता रहेको अनुमान गरिएको,

• भोजमा मासु काट्न प्रयोग गरिएको धारिलो हतियार र अचानोबाट स्वाब निकाली परीक्षणका लागि प्रयोगशालामा पठाइएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।


**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश


(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback